आज मिति २०७८ साल माघ २६ गतेका दिन यस मण्डनदेउपुर नगरपलिकाका नगरप्रमुख श्री टोकबहादुर तामाङ ज्यूको अध्यक्षतामा मण्डनदेउपुर नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीको उपस्थितीमा देहायबमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती :

| सि.न. | पद | कार्यालय | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख | मण्डनदेउपुर न.पा. | टोक बहादुर तामाङ |  |  |
| २ | उप-प्रमुख | मण्डनदेउपुर न.पा. | विष्णुमणि नेपाल |  |  |
| ३ | वडा अध्यक्ष | वडा न. १ | शिवप्रसाद ढकाल |  |  |
| ४ | वडा अध्यक्ष | वडा न. २ | राजकुमार मल्ल |  |  |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | परुषोतम बजगाई |  |  |
| ६ | वडा अध्यक्ष | वडा न. ४ | मैते सिं तामाङ |  |  |
| ७ | वडा अध्यक्ष | वडा न. ५ | हर्क बहादुर लामा |  |  |
| ८ | वडा अध्यक्ष | वडा न. ६ | सोम प्रसाद ढकाल |  |  |
| ९ | वडा अध्यक्ष | वडा न. ७ | विष्णुप्रसाद पौडेल |  |  |
| १० | वडा अध्यक्ष | वडा न. ८ | निरञ्जन विष्ट |  |  |
| ११ | वडा अध्यक्ष | वडा न. ९ | सिताराम श्रेष्ठ |  |  |
| १२ | वडा अध्यक्ष | वडा न. १० | कुमार तामाङ |  |  |
| १३ | वडा अध्यक्ष | वडा न. ११ | दिपेन्द्र लामा तामाङ |  |  |
| १४ | वडा अध्यक्ष | वडा न. १२ | राजकुमार पराजुली |  |  |
| १५ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | सुनकुमारी तामाङ |  |  |
| १६ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | रिता रोक्क |  |  |
| १७ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | मैयादेवी तिवारी | मैया |  |
| १८ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | सविना बिसुन्के |  |  |
| १९ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | सावित्री दमाइ | सावित्री |  |
| २० | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | सुर्यबहादुर राई |  |  |
| २१ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | विकाश राई |  |  |
| २२ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा. | भेषबहादुर वि.क. |  |  |
| २३ | सदस्य सचिव | मण्डनदेउपुर न.पा. | मन बहादुर खड्का |  |  |
| २४ | आमन्त्रित | '' [illegible] | उमेश अधिकारी |  |  |

## २०८०।१०।२६ गतेको ३४ औं नगर कार्यपालिका बैठकका निर्णयहरु

**एजेण्डाहरु**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा।
२. वडा नं. १२ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा।
३. प्राङ्गारिक मल कारखाना निर्माण लागि जग्गा व्यवस्थापन।
४. स्थानीय श्रोत परिचालन तालिम तथा व्यवसाय दर्ता शिविर सञ्चालन सम्बन्धमा।
५. आवधिक विकास योजना, नगर पाश्वचित्र (नगर प्रोफाइल) र नगर सडक गुरुयोजना तयारी सम्बन्धमा।
६. नगरपालिका र अन्तर्गतका कार्यालयमा करार/दैनिक ज्यालादारीमा पदपुर्ती सम्बन्धमा।
७. मदिरा व्यवस्थापन तथा नियमनको लागि बजेट व्यवस्थापन सम्बन्धमा।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट सम्बन्धमा ।
९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरुको प्रस्तुतीकरण तथा छलफल सम्बन्धमा।
१०. नगर स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा।
११. विपद् व्यवस्थापन अन्तर्गत साझेदारीमा कार्यक्रम/योजना सञ्चालन सम्बन्धमा।
१२. IEE स्वीकृत सम्बन्धमा।
१३. आ.व. २०८०/०८१ का लागि प्राविधिक शाखाबाट पेश भएको निर्माण कार्य सम्बन्धि दर विश्लेषण (Rate Analysis) अनुमोदन गर्ने सम्बन्धमा।
१४. विविधः
क) योजना तथा कार्यक्रम सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

### निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८०/१०/१४ गतेको ३३ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.२**

वडा नं. १२ को वडा कार्यालय निर्माण सम्बन्धमा देहाय बमोजिम गर्ने,

क) राज्यको पुर्नसंरचनाको क्रममा स्थानीय तहका वडा विभाजन गर्दा यस नगरपालिकाका केहि वडाहरु पूर्व-पश्चिम तर्फ अत्यधिक फैलावट रहेका र टाढाका गाँऊ वस्तीलाई जोडने सहज यातायात पूर्वाधार बनिनसकेका हुदाँ एकै स्थानबाट सेवाप्रवाह गर्न कठिनाइ भएको छ। भविष्यमा यस्ता वडाहरुको भौगोलिक बनावटलाई पुनरसंरचना गर्नुपर्ने विषयसमेतलाई ध्यान दिनुपर्दछ। हाल यस नगरपालिकाको वडा नं. १२ को पूर्वी भूभाग समेट्ने गरी पक्की सडक सम्पन्न भएको तथ्यलाई समेतलाई ध्यान दिदै सहज सडक पहुँचको सुविधा तथा तल्लो भेगको ठुल्डीही (साविक ज्याम्दी गा.वि.स. वडा नं. ६) मा निजी जग्गा दानपत्र प्राप्त हुने अवस्था रहेको तथा सार्वजनिक ऐलानी पर्ती जग्गा समेत उपयोग गर्न गरी वडा कार्यालय भवन निर्माण गर्नु उपयुक्त देखिन्छ। यस नगरपालिकाको आन्तरिक स्रोत अत्यन्त कमजोर रहेकोले उक्त स्थानमा वडा कार्यालय भवन निमाणका लागि आवश्यक बजेट व्यवस्थापन सहित निर्माण कार्य गरिदिन श्री शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोक एवम् सो कार्यालय मार्फत तालुक निकाय समक्ष अनुरोध गर्ने।

ख) निर्णय प्रकरण २ (क) को सन्दर्भमा यस नगरपालिकाको वडा नं. १२ को पूर्वी भूभाग को ठुल्डीही (साविक ज्याम्दी गा.वि.स. वडा नं. ६) क्षेत्रमा निजी जग्गा दानपत्र प्राप्त हुने अवस्थालाइ मध्यनजर गर्दै जग्गा दानपत्र प्राप्त गर्न आवश्यक पहल गर्ने।

ग) निर्णय प्रकरण २ (क) को सन्दर्भमा वडाको पश्चिमी भाग अन्तर्गत कोलाचौर तथा बुद्धथुम्का लगायतका टोलबस्तीमा सडक पहुँच र वस्ति विकास समेतलाई ध्यान दिई वडा नं. १२ बुद्ध थुम्का आसपास क्षेत्रमा चालु आ.व. मा १२नं. वडा कार्यालय निर्माणका लागि विनियोजित बजेटबाट बहुउद्देश्यीय समुदायिक भवन निर्माण गर्ने र नगरपालिकाबाट वितरण हुने सेवा प्रवाहहरु सोहि भवनबाट प्रवाह गर्ने व्यवस्था मिलाउने। ।

निर्णय नं.३

यस नगरपालिको आन्तरिक स्रोत संकलन र कर सहभागिता अत्यन्त न्यून रहेको छ। स्थानीय राजश्वको सम्भाव्यता सम्बन्धी छलफल तथा व्यवसाय कर सहभागिता अभिवृद्धि लगायतका विषयमा "स्थानीय स्रोत परिचालन अभिमुखिकरण संचालन गरी स्रोत परिचालन अध्ययन प्रतिवेदन तयार गर्न कार्यपालिका र वडासचिव एवम् राजश्व परामर्श समिति तथा सम्बन्धित शाखाका कर्मचारीहरुका लागि "स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेललाई साझेदारी गर्न तथा कार्यक्रम संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

आवधिक योजना र पार्श्वचित्र सम्वन्धमा :

नगरपालिका गठनको सात वर्ष पूरा भएपनि वस्तुगत तथ्यांक र आवधिक योजनाको अभावमा विकास निर्माणले सही दिशा लिन सकेको छैन। आ.व. २०७८/०७९ मा उपरोक्त अनुसारको कार्य गर्ने उद्देश्यले घरधुरी सर्वेक्षण गर्ने कार्यको लागि Cell App Pvt. Ltd., थापाथली काठमाण्डौं तथा डिजिटल नगर प्रोफाइल निर्माण गर्न स्मार्ट पालिका, थापाथली काठमाण्डौं सँग सम्झौता गरि दुवै कार्य २०७९ श्रावण ०४ सम्ममा तोकिएको कार्यजिम्मेवारी सम्पन्न गर्न कायदिश प्रदान गरिएकोमा उक्त फर्म/कम्पनीहरुले उक्त अवधिमा तोकिए बमोजिमको कार्य जिम्मेवारी पूरा नगरेको र पुनः सम्पर्कमा समेत नआएकोले उक्त संस्थाहरुसंग भएको सम्झौता भंग गर्ने कार्यालयको निर्णय अनुमोदन गरी चालु आ.व. मा प्रचलित कानून बमोजिम सूचिकृत भएका सेवाप्रदायक सँग कार्य सम्झौता गरी यथासिघ्र अघि बढाउन कार्यालयलाई जिम्मबारी दिने निर्णय गरियो।

निर्णय नं.५

यस कार्यालय र अन्तर्गत रिक्त रहेका तथा अत्यावश्यक रहेका तपशिलका पदहरु मण्डनदेउपुर नगरपालिकाको सेवा करार/दैनिक ज्यालादारीमा पदपूर्ती सम्बन्धी कार्यविधि २०८० बमोजिम पदपूर्ति गर्न कार्यालयलाई जिम्मवारी दिन,

क) सेवा करार

- पशुसेवा प्राविधिक २ जना दुई जना
- कार्यालय सहयोगी ६ जना छ जना
- हेभी सवारी चालक १ जना

ख) दैनीक ज्यालादारी

- स्वीपर/शौचालय सफाइकर्मी ३ जना तिन जना
- कार्यालय सहयोगी (भान्से) १ जना

निर्णय नं.६

विविध कार्यक्रमा योजना कार्यान्वयनका लागि बजेट व्यवस्थापन सम्बन्धमा आर्थिक वर्षको मध्यावधिमा समेत विभिन्न आकस्मिक एवम् भैपरि आउने योजना तथा कार्यक्रमका लागि बजेट माग हुने गरेका छन्। प्रचलित कानून अमोजिम सालवसाली विनियोजन ऐन र विनियोजन ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित गरेर खर्च गर्नु पर्दछ। यद्यपि चालु आ.व. को आय अनुमान लक्ष्य अनुरूप प्रगति हुन सक्ने नदेखिएको, आन्तरिक ऋण अभ्यासमा आईनसुकेको एवम् राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम समेत घट्न सक्ने जोखिमलाई ध्यानदिई आ.व. को बीचमा योजना कार्यकममा बजेट माग गर्ने विनियोजन गर्ने कार्यलाई निरुत्साहित गर्दै लैजानुपर्दछ। विनियोजन ऐन २०८० लाई संसोधन गर्न बनेको विधेयक, २०८० पारित भए सगै उपलब्ध हुन सक्ने स्रोतबाट सम्भव भएसम्म तपसिलका योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

क) मदिरा नियमन व्यवस्थापन कार्ययोजना कार्यान्वयन रु. २,५०,०००/-

ख) वृहत कृषि महोत्सव २०८० रु २,००,०००/-

ग) तामाङ घेदुङ्ग सोनाम ल्होछार कार्यकम रु ३,००,०००/-

घ) श्री उग्रेश्वर महादेव मन्दिर मर्मत वडा नं. ११ रकम रु ४०००००/-

ङ) सिंचाई पोखरी निर्माण वडा नं. ११ का लागि नगरपालिकाबाट रकम रु ४२००००/-

च) तल्लो रानिटार नर्वदा मकैटार खानेपानी वडा नं. ९ रकम रु ५८५०००/-

छ) गहते रातामाटा खानेपानी मर्मत २७००००/-

ज) ढाँड खानेपानी घेरावार तथा चर्पि निर्माण ३२८०००/-

झ) आँपखोला खानेपानी (पम्प खरीद) ५२००००/-

निर्णय नं.७

श्री मेलम्ची ईन्द्रावती ह्युमपाइप उद्योगको प्रारम्भीक वातावरणीय परीक्षण (IEE) प्रतिवदन प्रचालित कानुन र मापदण्ड बमोजिम स्वीकृतीका लागि सम्बन्धित निकायलाई सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. ८

जिल्ला दररेट समितिवाट निर्धारण र यस कार्यालयको प्राविधिक शाखाबाट विश्लेषण सहित प्रयोग भईरहेको चालू आ.व. २०८०/८१ का लागि तयार निर्माण सामाग्रीमूल्य एवम् ज्याला दर अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.९

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा पास सुझावहरु सम्बन्धि प्रस्तुतिकरण भएकोमा सुझाव कार्यान्वयन गर्दै लैजाने निर्णय गरीयो।

निर्णय नं.१०

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्पुर्ण वडाहरुमा प्राविधिक लागत अनुमान बमोजिम नाली सरसफाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सम्पुर्ण वडाहरुमा प्राविधिक लागत अनुमान बमोजिम नाली सरसफाई तथा बाटो सफा गर्ने कार्य सहित तपसिल बमोजिमका योजनाहरु साझेदारीमा सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

क) वडा नं. ७ को नर्सरी देखी कश्यपेश्वर मन्दिर जाने बाटो सिर्टी निर्माण।

ख) वडा नं. ३ को जनप्रभात विद्यालय हुँदै वडा कार्यालय जाने बाटो सिढीं निर्माण।

ग) वडा नं. १० कुँवर टोल यानडाँडा जाने बाटो सिढीं निर्माण।

घ) वडा नं.९ मकैटारमा सिंढी निर्माण